# स्थानीय राजपत्र


## हुप्सेकोट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः (४), संख्या ३, हुप्सेकोट, असार ५ गते शुक्रबार, २०७७ साल


# भाग २

## हुप्सेकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,

## झ्यालबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व),

## गण्डकी प्रदेश, नेपाल

नेपालको संविधान बमोजिम हुप्सेकोट गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल उल्लेखित बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# हुप्सेकोट गाउँपालिका पोषण झोला वितरण सम्बन्धी कार्यविधि, २०७७

# हुप्सेकोट गाउँपालिका पोषण झोला वितरण सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावनाः**

महिला र बालबाललिकामा हुने कुपोषणको समस्यालाई सम्बोधन गर्न विगत लामो समयदेखि प्रयास हुँदै आएको छ । कुपोषणको समस्या समाधान गर्न नेपाल सरकारले बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालनमा ल्याएको छ । आपतकालीन अवस्थामा गर्भवती तथा सुत्केरी अवस्थामा रहेका महिला, २ बर्षमुनीका बालबालिकाहरुमा कुपोषणको अवस्था देखिने तथ्यहरुले देखाएको छ । विश्वव्यापी रुपमा देखापरेको कोभिड १९ को माहामारीका कारण जनजीवनमा प्रत्यक्ष असर पुगेको छ । कोभिड १९ को संक्रमण रोकथाम तथा उपचारका लागि संङ्घ, प्रदेश र स्थानीयतहमा संरचना निर्माण गरी कार्य सञ्चालन भईरहेको छ । यसै क्रममा नेपाल सरकार (मन्त्रिपरिषद। को मिति २०७६।१२।१६ को निर्णय अनुसार स्थानीय तहबाट राहतवितरणका कार्यहरु समेत हुँदैआएको छ । उक्त निर्णयको प्रकरण १ (घ) अनुसार राहतउपलब्ध गराउँदा गर्भवती महिला, बालबालिकालाई विशेष व्यवस्था गर्नुपर्ने उल्लेख छ । कोभिड १९ का कारण उत्पन्न अवस्था र अन्य आपतकालीन अवस्था जस्तैः वाढी पहिरो, भूकम्प, हावाहुरी, आगलागी जस्ता प्राकृतिक तथा मानव सिर्जीत प्रकोपवाट सिर्जित विपदको सामना गरिरहेका गर्भवती तथा सुत्केरी अवस्थाका महिला तथा २ बर्ष मुनीका बालबालिकामा हुनसक्ने कुपोषणको अवस्थालाई मध्यनजर गर्दै आपतकालीन वा संकटकालीन अवस्थामा स्थानीय तहबाट राहत स्वरुप पोषण झोला वितरण गर्न यो कार्यविधि तयार गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "पोषण झोला वितरण सम्बन्धी कार्यविधि, २०७७" रहेको छ । यो कार्यविधि हुप्सेकोट गाउँकार्यपालिकाको बैठकले पारित गरेको मितिदेखि लागू हुनेछ ।

(२) यो कार्यविधि कोभिड १९ को महामारीको अवस्था तथा स्थानीयतहले अन्य आपतकालीन वा संकटकालीन अवस्था घोषणा गरेको अवधिसम्मको लागि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "आपतकालीन वा संकटकालीन अवस्था" भन्नाले कोभिड १९ का कारण उत्पन्न अवस्था र अन्य आपतकालीन अवस्था जस्तैः वाढी, पहिरो, भुकम्प, हावाहुरी, आगलागी जस्ता दैबीप्रकोपमा स्थानीयतहले आपतकालीन भनी घोषणा गरेको अवस्थालाई सम्झनु पर्छ ।

(ख) “सुनौला हजार दिन" भन्नाले महिला गर्भवति भएको दिन देखि बच्चाको २ वर्ष उमेर सम्मको अवधिलाई सम्झनु पर्छ ।

(ग) “कुपोषण" भन्नाले व्यक्तिको शारिरीक आवश्यकतानुसार पौष्टिक तत्वयुक्त बृहत पोषक तत्व र सुक्ष्म पोषक तत्व भएको पौष्टिक खानाको अभाव अवस्थालाई सम्झनु पर्छ ।

(घ) “पोषण” भन्नाले बालवालिका वा महिला वा अन्य व्यक्तिको शारिरीक अवस्था अनुसार पर्याप्त पोषण तत्वयुक्त खानाको पर्याप्ततालाई सम्झनु पर्छ ।

(ङ) "पोषण झोला" भन्नाले नियम ६ मा उल्लेखित सामाग्री समेत भएको कपडाको झोला सहितको प्याकेजलाई सम्झनु पर्छ ।

(च) "परिवार" भन्नाले एक आमा र निजबाट जन्मेका बालबालिकाहरुलाई समेत सम्झनु पर्छ ।

(छ) "लाभग्राही" भन्नाले यस मापदण्डको नियम ४ मा उल्लेख भएका व्यक्ति र समुदायलाई सम्झनु पर्छ ।

(ज) "स्थानीय तह" भन्नाले हुप्सेकोट गाँउपालिका सम्झनु पर्छ ।

**३. कार्यविधिको उद्देश्यः** आपतकालीन अवस्थामा स्थानीय तह अन्तर्गत स्थायी वा अस्थायी रुपमा वसोवास गरेका सुनौला हजार दिनका महिला तथा बालबालिकाहरुलाई तत्कालिन रुपमा न्यूनतम पोषणयुक्त सामाग्री उपलब्ध गराउने ।

**४. लाभग्राहीहरूः** यस स्थानीय तहमा बहुक्षेत्रिय पोषण कार्यक्रम लागु भएका स्थानमा यस कार्यविधिअनुसार सुनौला हजार दिनका घरपरिवारमा बढिमा दुई परिवारले पोषण झोलाप्राप्त गर्नेछन् । लाभग्राहीहरु उपलब्ध श्रोतको सिमालाई मध्यनजर गरी सबैभन्दा विपन्न परिवारबाट छनौट प्रारम्भ गरिनेछ। लाभग्राहीहरुको छनौट तपसिलमा उल्लेखित समितिले गर्न सक्नेछ ।

सम्बन्धीत वडाको वडाध्यक्ष - संयोजक

सम्बन्धीत वडाको सचिव - सदस्य

सम्बन्धीत वडाको स्वास्थ्य चौकी को प्रमुखले तोकेको वडाका सक्रिय महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट २ जना - सदस्य

यो छनौट समितिले वस्तीको सुनौला हजार दिनको विपन्न घरपरिवार एकिन गर्न कार्यविधिअनुसार वडाको महिला स्वास्थ्य स्वयंसेविकाको लिखित सिफारिसलाई छनौटको अन्तिम आधार मानी लाभग्राही हो वा होइन भनि एकिन गर्नेछ ।

**५. सेवाप्रवाह, लगत र खरिदः** (क) यस कार्यविधिअनुसार बहुक्षेत्रिय पोषण कार्यक्रम लागु भएका स्थानमा मात्र सेवा प्रवाह हुनेछ ।

(ख) सुनौलाहजार दिनको घरपरिवारलाई लक्षित गरि वितरण गरिने राहत खरिद स्थानीयतहको कार्यालयबाट हुनेछ ।

(ग) नियम ६ अनुसारको सामाग्री स्थानीयतहले तोकेको कार्यविधि अपनाई खरिद गर्नुपर्नेछ ।

(घ) नियम ४ अनुसार तोकिएका लाभग्राहीहरुलाई पायक पर्ने स्थानमा पोषण झोला वितरण गर्नुपर्नेछ ।

**६. पोषण झोलाको सामाग्री तथा लागतः**

सुनौला हजार दिनका घरपरिवारमा १ परिवारको लागि १ महिना अवधिको लागि निम्नानुसार सामाग्री भएको पोषण झोला वितरण गरिनेछ ।

| सि.नं. | विवरण | ईकाइ | परिमाण |
|---|---|---|---|
| १ | चामल | के.जी | १५ |
| २ | आँटा | के.जी | २ |
| ३ | दाल | के.जी | ३ |
| ४ | तेल | लि. | १.५ |
| ५ | नुन (आयोडीनयुक्त) | पा. | १ |
| ६ | अण्डा | क्रेट | २ |
| ७ | साबुन | गोटा | २ |
| ८ | तरकारीको बिउ,विजन | पा. | १ |
| ९ | कपडाको झोला (छपाई समेत) | थान | १ |

**७. अभिलेख र प्रतिवेदनः** स्थानीयतहले पोषण झोला वितरणको अभिलेख र प्रतिवेदन गर्नुपर्नेछ ।

**८. सार्वजनिक गर्नुपर्ने :** स्थानीय तहले वितरण गरेको पोषण झोला प्राप्त गर्नेको विवरण सार्वजनिक गर्नुपर्नेछ ।

**९. कारबाही सम्बन्धी व्यवस्था :** (१) यस कार्यविधिमा तोकिएको मापदण्ड पूरा नभएका व्यक्तिले झुट्टा विवरण पेश गरी राहतलिनु वा दोहोरो राहतलिनु हुँदैन ।

(२) यस कार्यविधिको प्रतिकूल हुनेगरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानुन बमोजिम कारबाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हदसम्मको रकम सम्बन्धित स्थानीयतहले निजबाट असुल गर्नुपर्नेछ ।

**प्रमाणीकरण मितिः२०७७/०३/०४**

**राजपत्रमा प्रकाशित मितिः २०७७/०३/०५**

**आज्ञाले,**

**कृष्ण प्रसाद सापकोटा**

**प्रमुख प्रशासकीय अधिकृत**